# प्राक्कथन

सन् २००३, विश्वविद्यालय अनुदान आयोगको तत्त्वावधानमा उत्तरबङ्ग विश्वविद्यालयको नेपाली विभागबाट आयोजित दोस्रो पुनश्चर्या पाठ्यक्रमका निम्ति तयार गरिएको सङ्गोष्ठी पत्र प्रस्तुत शोधप्रबन्ध रचनाको निम्ति प्रेरणा र प्रोत्साहनको स्रोत बन्न गएको छ।

फरवरी १० देखि मार्च ०३ सम्म भएको चर्चित पुनश्चर्या पाठ्यक्रममा मैले स्थाननाममाथि सङ्गोष्ठी पत्र प्रस्तुत गर्नुपर्ने थियो। यसै सन्दर्भमा पुस्तकालयहरूको भ्रमण र स्थानीय गण्यमान्य व्यक्तिहरुसित लिइएको अन्तवार्तामा आधारित दार्जिलिङ पहाडी क्षेत्रका केही स्थाननामहरुमाथि सङ्गोष्ठी पत्र तयार पारेँ। त्यही समयदेखि यस विषयबारे जिज्ञासा बढ्यो। फलस्वरुप गुरुवर प्रो. घनश्याम नेपालसित यस विषयमाथि शोध गर्ने इच्छा जाहेर गरेँ। उनीबाट उचित सुझाव र प्रोत्साहन पाएपछि यस क्षेत्रमा कार्य गर्ने जमर्को करेँ। यसैको परिणाम **दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूको विश्लेषणात्मक अध्ययन** शीर्षक यो शोधप्रबन्ध हो।

स्थाननामविज्ञान अन्तर्ज्ञानानुशासनात्मक प्रकृतिको एउटा व्यापक विषय हो। नेपालीमा यस क्षेत्रमा थोरै मात्र काम भएको पाइन्छ। कुनै स्थानविशेष वा ठाउँहरुको अध्ययनका निम्ति त्यस क्षेत्रको व्यापक सांस्कृतिक, ऐतिहासिक तथ्य आदिका ज्ञानको अपेक्षा रहन्छ।

यस शोधप्रबन्धमा प्रस्तुत स्थाननामहरूको भाषावैज्ञानिक एवम् अर्थपरक अध्ययनबाट विभिन्न ज्ञानानुशासनसित सम्बन्धित विषयमाथि चर्चा गरिएको छ। यस शोधप्रबन्धमा दार्जिलिङ पहाडी क्षेत्रका गाउँ-बस्ती, सडक आदिका नामहरुलाई मात्र लिएर स्थाननामहरूको वर्णनात्मक अध्ययन प्रस्तुत गरिएको छ। दार्जिलिङ पहाडी क्षेत्रका खोला-नाला, पहाड-पर्वत, पोखरी आदिका नामहरुमाथि आज पनि कुनै गम्भीर एवम् शोधपूर्ण कार्य हुन सकेको छैन।

आफूमा रहेको सीमित ज्ञान र सामर्थ्य मात्रका भरमा यस्तो महत्त्वपूर्ण विषयमा शोध-अध्ययन गर्ने प्रयास मेरो महत्वाकांक्षाले होइन, विषयप्रतिको चासो र त्यस क्षेत्रमा अपेक्षित कार्यको अभाव पुरा गर्ने इच्छाको परिणाम मात्र हो भन्ने कुरा यहाँ निवेदन गर्न चाहन्छु। प्रस्तुत शोधकार्यको थालनीदेखि लिएर यसको समापनसम्म विभिन्न स्थानमा विभिन्न व्यक्तिहरुको सहयोग पाएकी छु जसका निम्ति म सबैप्रति आफ्नो आभार व्यक्त गर्दछु ।

विभिन्न क्षेत्रका विभिन्न प्रशासनिक कार्यालय, पुस्तकालय, सङ्घ-संस्था आदिबाट पनि मैले धेरै किसिमका सहयोग, प्रेरणा र प्रोत्साहन प्राप्त गरेकी छु। यसको निम्ति पनि म आफ्नो आभार व्यक्त गर्दछु।

क्षेत्र-सर्वेक्षणको समयमा विभिन्न क्षेत्रका विभिन्न महानुभाव एवम् शुभेच्छुकहरुबाट सहयोग, प्रेरणा र हौसला प्राप्त गरेकी हुनाले म उनीहरुप्रति आफ्नो कृतज्ञता प्रकट गर्नु आफ्नो कर्तव्य ठान्छु।

विभिन्न ठाउँमा क्षेत्र-सर्वेक्षण गर्न जाँदा साह्रो-गाह्रोमा सहयोग गर्नाका साथै बस्ने खाने व्यवस्था समेत गरिदिनु भएर ममाथि ठुलो गुण लगाउनु हुने ती सम्पूर्ण परिवारप्रति आफ्नो आभार प्रकट गर्नु पनि मेरो कर्तव्य ठान्छु।

क्षेत्र-भ्रमणको समय मसँगसँगै वनजङ्गल, उकाली - ओह्राली पार गर्दै विभिन्न ठाउँबाट तथ्याङ्क सङ्कलन गर्न हिँडिदिने दाज्यू डुगे लेप्चा अनि भाउज्यू, दाज्यू पासङ् लेप्चा, सहकर्मी बहिनी बिन्दिया गुरुङ, बहिनी अन्जु प्रधान, दिदी प्रतिमा लामा, छात्र आनन्द शर्मा, छात्रा कल्पना तामाङ, बहिनी सविता प्रधान, लगायत विभिन्न ग्राम पञ्चायत एवम् नगरपालिकाका सदस्यवर्ग एवम् गाउँ - बस्तीका दाजु-भाइ, दिदी-बहिनी सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

आफू व्यस्त रहँदा रहँदै पनि समय उबारेर अन्तर्वाता दिनु हुने सर्वश्री पी. टी. सिमिक, साङ्गे डुक्पा, पासङ छिरिङ लेप्चा, पी.टी. लामा, नोर्देन भुटिया, छुडुप रोङगोङ, स्व. मनबहादुर गुरुङ, कमलचन्द्र राई, दलमान तामङ, हस्तबहादुर तामाङ, बाबरसिङ गजमेर, डी. पी. शर्मा, भेडिवाला मण्डलका परिवारका सदस्यवर्ग, निरमाया गुरुङ, पदम गुरुङ, सोनाम भोटिया, राजीव सुब्बा आदिप्रति पनि आफ्नो हार्दिक आभार व्यक्त गर्दछु।

उपयोगी पुस्तकहरू दिएर हौसला बढाइदिनु हुने श्रद्धेय गुरुवर प्रो. घनश्याम नेपाल, डा. गोकुल सिन्हा, सहकर्मी सर निर्मलचन्द्र रोय, सर बलराम राई, भाइ नवीन पौड्याल, पी. टी. लामा, दाज्यू प्रदीप छेत्री, सर कमलचन्द्र राई, भाइ डिकु लामा, भाइ सञ्जय विष्ट, भाइ योगेस पन्थ आदिप्रति पनि म आभारी छु ।

शोधकार्य चाँडो सिद्ध्याउनका निम्ति सधैँ हुटहुटी लगाएर मेरो हौसला बढाइदिनु हुने गुरुवर प्रो. मोहन पि. दाहाल, सोनादा महाविद्यालयका बडाबाबु दाज्यू प्रताप छेत्री, साथी गङ्गा निरौला, दिदी रानी, दिदी राधिका आदिप्रति पनि म आफ्नो आभार प्रकट गर्दछु ।

शोधकार्यका समयमा घरका सम्पूर्ण कामकाज र उत्तरदायित्वदेखि मुक्त राखिदिएर आफ्नो कार्यमा निरन्तर जुटिरहन प्रेरणा र प्रोत्साहन दिनुहुने मेरा पूजनीय आमा-बाबा, दाज्यू कल्याण र भाउज्यू विनिता, एवम् श्रीमान विनोद कुमार थापा आदिको ऋण ममाथि रहेको ठान्दछु।

पाण्डुलिपि टङ्कण गरिदिने कार्यमा अभिभार लिइदिनु हुने भाइ सचिन राईप्रति म विशेष रुपमा आभार व्यक्त गर्दछु।

अन्तमा सामग्री सङ्कलनदेखि लिएर शोधप्रबन्ध लेखनका प्रत्येक स्तरमा उदारतापूर्वक सहयोग, परामर्श र आवश्यक मार्गनिर्देशन गरिदिनु हुने श्रद्धेय गुरुवर प्रो. घनश्याम नेपालप्रति सविनय आफ्नो कृतज्ञता व्यक्त गर्दछु। उहाँको सहयोग र उचित परामर्श नभएको भए यो शोधप्रबन्ध यस रुपमा देखापर्न सम्भव थिएन। अतः हार्दिकतापूर्वक म उहाँको ऋण स्वीकार गर्दछु । मेरो यस शोधकार्यमा उत्साह, जोस र बलियो आड भई मलाई आफ्नो कार्यमा निरन्तर जुटिरहने प्रेरणा पनि उहाँबाट नै प्राप्त भएको हुँदा म आन्तरिक हृदयबाट उहाँप्रति आफ्नो कृतज्ञता व्यक्त गर्दछु।

रागिनी थापा

मिति : २३.०३.२०१२

सोनादा महाविद्यालय

सोनादा, दार्जिलिङ

(रागिनी थापा)

उपप्राध्यापिका